# पापमा म डुबेको थिएँ

१. पापमा म डुबेको थिएँ बिलकूल भएँ निराश
येशूसित माफ मागें भई शोकले हताश
मेरो तब पुकार सुनी सागरको प्रभुले
झट्टै हात पसारी मलाई बचाए ।
को: उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

२. मुक्तिदाता येशूलाई हेर त पापी जन
पपसागरको छालदेखि प्रेमले उतार्दछन् ।
उनी मालिक सागरको आँधी-बतासको नाथ
तिमीलाई बचाउन जो पसार्छन् हात ।
को: उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

३. उनलाई तन-मन धन दिन्छु मेरो हुन् तारणहार
उनको शरणमा बस्छु गाएर जयजयकार
सत्य प्रेम महान् यस्तो प्रशंसा योग्य छ
उनको सत्य प्रेमी सेवा गर्छु म ।
को: उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

**बाइबल पद** :मेरो प्राण परमेश्‍वरको निम्ति, जीवित परमेश्‍वरको निम्ति तिर्खाउँछ । म कहिले गएर परमेश्‍वरलाई भेटूँ ? भजनसङ्ग्रह ४२:२